कार्यविधि नं

गाँउ कार्यपालिकाबाट स्वीकृत मिति २०७६।०८।२

# पलाँता गाँउपालिका आधारभुत तथा माध्यामिक तह अनुदान कार्य विधि २०७६

पलाँता गाँउपालिका

कालिकोट

पलाँता गाँउपालिका

# पलाता गाँउपालिका आधारभुत तथा माध्यामिक तह अनुदान कार्यविधि २०७६

गाउपालिका नियम संख्या :-

गाँउकार्यपालिकाबाट स्वीकृत मिति :२०७६।०८।२

**१ सक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम पलाता गाँउपालिका आधारभुत तथा माध्यामिक तह अनुदान कार्य विधि २०७६ सम्झनु पर्छ ।

(ख) यो कार्यविधि पलाँता गाँउपालिकाभर लागु हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त लागुहुनेछ ।

**२ परिभाषा  बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा**

(क)**प्राथमिक शिक्षा** भन्नाले कक्षा १ देखि कक्षा ५ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख)**आधारभुत शिक्षा** भन्नाले बाल शिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

(ग)**माध्यामिक शिक्षा** भन्नाले कक्षा ९ देखि १२ सम्म दिइने  शिक्षा सम्झनु पर्दछ ।

(घ)**प्राथमिक शिक्षक** भन्नाले  साविकको प्राथमिक तह कक्षा १ देखि ५ सम्म अध्यापन गर्ने गरि नियूक्ति भएको शिक्षक सम्झनु पर्दछ ।

(ड)**निम्न माध्यामिक शिक्षक**  भन्नाले साविकको निम्न माध्यामिक तह कक्षा ६ देखि ८ सम्म अध्यान गर्नेगरी नियुक्ति पाएको शिक्षक सम्झनु पर्दछ ।

(च) **माध्यामिक शिक्षा** भन्नाले साविकको माध्यामिक तह कक्षा ९ देखि १० सम्म अध्यापन गर्ने गरि दिइनेशिक्षा सम्झनुपर्छ ।

(छ)**अध्यक्ष** भन्नाले पलाँता गाँउपालिकाका अध्यक्ष सम्झनुपर्छ ।

(ज)**गाँउ शिक्षा समिति**  भन्नाले पलाँता गाँउ पालिका अध्यक्षको नेतृत्वमा रहेको शिक्षा समिति सम्झनु पर्नेछ ।

(झ)**प्रमुख प्रशासकीय अधिकृत** भन्नाले पलाँता गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ सम्झनुपर्छ ।

पलाँता गाँउपालिका

(ञ)**शिक्षा शाखा प्रमुख** भन्नाले शैक्षिक प्रशासन शाखामा कामकाज गर्न तोकिएको प्रमुख अधिकृत वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ।

(ट)**शिक्षा अधिकृत** भन्नाले शिक्षा प्रशासन शाखामा कामकाज गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ।

(ठ)**स्रोत व्यक्ति** भन्नाले बिद्यालयमा समन्वय शैक्षिक प्रशासनिक सहयोग र सहजीकरण गर्न तोकिएको माध्यमिक वा निम्न माध्यमिक शिक्षक सम्झनु पर्छ।

(ड)**बि व्य स** भन्नाले बिद्यालयमा शिक्षा ऐन बमोजिम गठित बिद्यालय व्यावस्थापन समिति सम्झनु पर्छ।

(ढ)**शिक्षक अविभावक सघः** भन्नाले बिद्यालयमा पलाँता गाउँपालिकाक शिक्षा ऐन २०७४ बमोजिम गठित शिक्षक अभिभावक सँघ लाई सम्झनु पर्छ।

(ण)**प्रधानाध्यापकः**भन्नाले बिद्यालयको दैनिक प्रशासन सञ्चालनका लागि बिद्यालय लागि नियूक्त व्यक्ति सम्झनु पर्छ।

(त)**शिक्षकः** भन्नाले बिद्यालयमा अध्यापनका लागि बिभिन्न तहमा नियूक्त शिक्षक सम्झनु पर्छ।

थ)**गाउपालिका** भन्नाले पलाँता गाँउपालिका सम्झनु पर्छ।

द)**गाँउ सभा** भन्नाले पलाँता गाँउपालिकाको गाउ सभालाई सम्झनु पर्छ।

ध)**बिशेष शिक्षा** भन्नाले दृष्टिविहिन बहिरा अटिज्म बौद्धिक अपाङ्ग सुस्तश्रवण वा अति अशक्त अपाङ्गगता भएका बालवालिकालाई छुट्टै समुहमा राखि दिइने शिक्षा सम्झनु पर्छ।

न)**बिद्यालय** भन्नाले सामुदायीक बिद्यालय वा संस्थागत बिद्यालय सम्झनु पर्छ।

च)**बिद्यालय शिक्षा** भन्नाले आधारभुत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

छ )**प्राविधिक तथा व्यावसायीक शिक्षा** भन्नाले प्राविधिक ज्ञान सीप तथा बिषय वस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराईने शिक्षालाई सम्झनु पर्छ।

ज)**सामुदायीक बिद्यालय** भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिका नेपाल सरकारवाट नियमित रुपमा अनुदान आउने गरि अनुमति वा स्वीकृति प्राप्त बिद्यालय सम्झनु पर्छ।

झ)**संस्थागत बिद्यालय** भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त बिद्यालय सम्झनु पर्छ।

पलाँता गाउँपालिका

ञ)**कर्मचारी** भन्नाले निजी बिद्यालयका कार्यरत शिक्षक बाहेक अन्य कर्मचारी सम्झनु पर्दछ।

ट)**तोकिएको वा तोकिए बमोजिम** भन्नाले यस ऐन अन्तर्गत बनेका नियम तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

ठ)**अभिभावक** भन्नाले बिद्यालयमा अध्यानरत बिद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ।

ड)**अनुमति** भन्नाले नेपाल सरकार वा गाँउपालिकाले स्थायी स्वीकृत प्रदान गरी नसकेको कुनै तोकिएको ठाउ वा बिद्यालय खेल्न वा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ।

ढ)**स्वीकृति** भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको बिद्यालयलाई नेपाल सरकार वा गाँउपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ।

ण)**आवासीय बिद्यालय** भन्नाले नेपाल सरकार वा गाँउपालिकाबाट आवासीय बिद्यालयको रुपमा स्वीकृत प्रदान गरिएको बिद्यालयलाई सम्झनु पर्छ।

त)**शैक्षिक गुठी** भन्नाले बिद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उदेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्दछ।

थ)**स्थायी आवासीय अनुमति** भन्नाले बिदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरि नेपालि नागरिकलाई उपलब्ध गराएको डाइभरसँटी इमिग्रेन्ट भिसा डि भी परमानेन्ट रेजिडेन्ट भिसा पी अर वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई बिदेशमा स्थायी रुपमा वसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी अवासीय अनुमति समेतलाइ जनाउछ।

द)**प्रारम्भिक बाल शिक्षा** भन्नाले चार बर्ष मुनिका बालबालिकालाइ दिइने एक बर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ।

**३ बिद्यालय एकिकण सम्बन्धि बिधि**

यस गाँउपालिका भित्र बिभिन्न स्थान रहेको बिद्यालयहरुलाई निम्न आधारमा एकीकरण गरिनेछ।

क)एक बिद्यालयबाट अर्को बिद्यालयल सम्म पुग्न लाग्ने समय प्राथमिक विद्यालयको हकमा ३० मिनेट सम्म

ख)आधारभुत तथा माध्यमिक बिद्यालयको हकमा एक बिद्यालयबाट अर्को बिद्यालय सम्म लाग्ने समय १ घण्टा सम्म।

ग)बिद्यर्थी संख्या प्रति कक्षा कम्तिमा १० जना सम्म तर भौगोलिक विकटता पहिरो खोलानाला भिर आदिको कारणले बिद्यार्थिहरु अर्को बिद्यालयमा जान नसक्ने भएकमा माथि जे सुकै कुरा उल्लेख भएता पनि बिद्यालयको एकीकरण गरिने छैन।

घ)बिद्यालयको एकीकरण अनुसुची १ बमोजिम हुनेछ।

**४बिद्यालय अनुदान सम्बन्धि व्यवस्था:**यस पलाँता पालिका भित्र रहेको बिभिन्न बिद्यालयको एकीकरण पश्चात बाँकी रहने बिद्यालयमा तिनिहरुको दरबन्दी संख्या बिद्यार्थी संख्या भौगोलिक अवस्था आदिको अध्ययन गरी बिद्यालयलाई अनुदान दिन सकिनेछ। यसरी गाँउपालिकाबाट अनुदान व्यवस्था गरिएका बिद्यालयहरुको शिक्षक छनौट् नियुक्ति र सेवा सुविधा गाँउपालिकाले तोकेको मापदण्ड बमोजिम हुनेछ। नियुक्ति हुने शिक्षकको व्यक्तिगत विवरण नियुक्ति र तलबको भरपाई विवरण गाँउपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

**५अनुदान दरबन्दी सम्बन्धि व्यवस्था** :

यस गाँउपालिका भित्र रहेका बिद्यालयको अध्ययन गरी कार्यबिधि नं ३ र ४ मा भएको व्यवस्था बमोजिम अनुदान दरबन्दिको व्यवस्था गाँउपालिकाले गर्नेछ। उक्त दरवन्दी नेपाल सरकारले प्रदान गरेको अस्थायी दरवन्दी बराबरको हुनेछ। कार्यविधि ३ को घ मा उल्लेख गरेको दरबन्दी अनुसार नपुग दरवन्दी बराबरको रकम गाँउपालिकाले अनुदान उपलब्ध गराउने छ।

**६अनुदान सम्बन्धि बिशेष व्यवस्था**:

यस पलाँता गाँउपालिका अन्तर्गत सञ्चालित तपशिल बमोजिमका १४ वटा आधारभुत तथा माध्यामिक बिद्यालयहरुलाई शैक्षिक गुणस्तर कायम गरी नमुना बिद्यालय तथा अंग्रेजी माध्यम बिद्यालयको रुपमा विकास गर्ने उदेश्यका साथ सञ्चालन गर्न अनुदान स्वरुप तहगत रुपमा आवश्यकताका आधारमा कार्यपालिकाबाट निर्णय गरि निम्नतम तलव स्केल निर्धारण गरि रकम विनियोजन गरिनेछ। साथै उल्लेखित शुन्य दरबन्दी भएका बिद्ध्यालयहरु र गाउँपालिकाद्वारा सञ्चालित समुदायमा अधारीत ब वि के समेत कार्यपालिकाको बैठकको निर्णय अनुसार अनुधानको व्यावस्था गरिनेछ।

| क्र स | बिद्यालयको नाम | कैफियत |
|---|---|---|
| १ | कालिका मा वि पुलाँहा | |
| २ | गणेश आ वि खाडा | |
| ३ | सरस्वति मा वि राडुनेटा | |
| ४ | खापरदेव आ वि पनेरा | |
| ५ | कालिका आ वि छलाहा | |
| ६ | कर्णाली मा वि खिन | |
| ७ | जन विचार आ वि मेहेल्ने | |

| | | |
|---|---|---|
| ८ | देउलि मा वि उखाडी | |
| ९ | दैनिकर मा वि फागोटी | |
| १० | माडुगडा आ वि पारौटी | |
| ११ | गणेश आ वि जाँफे | |
| १२ | दुधेशिल्लो मा वि बेर्सनकोट | |
| १३ | सरस्वति मा वि थिर्पु | |
| १४ | दुवाडी चौर | |

- साथैपलातागाउँपालिका लाई पूर्ण निशुल्क एवं अनिवार्य शिक्षा लागु भएको गा पा घोषणा गर्न रकमहरु समेत उल्लेखित विद्यालयहरुलाई अनुदानको रुपमा कार्यपालिकाको बैठकबाट निर्णय भए अनुसार उपलब्ध गराउन सकिनेछ ।

| | |
|---|---|
| १ | प्रभात आ वि दाम |
| २ | महादेव आ वि दाम्री |
| ३ | जनसेवा आ वि  गोठालीचौर |
| ४ | जनसेवा आ वि छहड्ने |

पलाँता गाउँपालिका

## अनुसुची १

### कार्यबिधिको दफा ३ को घ सँग सम्बन्धित

| क्र स | तह कक्षा | बिद्यार्थी संख्या | न्युनतम दरबन्दी | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | बाल कक्षा | प्रा वि | नि मा वि | मा वि | उ मा वि | अन्य | |
| १ | प्रा वि २ -३ कक्षा | न्यूनतम २० | | | | | | | |
| २ | प्रा वि १– ५ कक्षा | न्युनतम ३० | | | | | | | |
| ३ | प्रा वि १– ५ कक्षा | न्युनतम २० देखि ५० | | | | | | | |
| ४ | प्रा वि १ –५ | ५० माथि | | | | | | | |
| ५ | आ वि १– ६ कक्षा | | | | | | | | |
| ६ | आ वि १– ८ | | | | | | | | |
| ७ | मा वि | | | | | | | | |
| ८ | उ मा वि | | | | | | | | |

पलाँता गाउँपालिका